# माछापुच्छ्रे गाउँपालिका
# Machhapuchchhre Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive
लाहाचोक, कास्की

## शिक्षक पदपूर्ति सम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित मिति: २०८०/०४/०८*

यस माछापुच्छ्रे गाउँपालिकाको वडा नं. ७, घलेल स्थित श्री बमबहादुर घलेल आधारभुत विद्यालयको लागि देहाय बमोजिमको प्राथमिक तह करार दरबन्दीमा शिक्षक पदपूर्ती गर्नुपर्ने भएकोले आवश्यक न्युनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र (अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय समय भित्र) रीतपूर्वक दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं | पद | तह | विषय | आवश्यक संख्या | परीक्षा किसिम | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|---|---|
| १. | MRM२/०८०-८१ | शिक्षक | प्राथमिक | | १ (एक) | लिखित र अन्तर्वार्ता | रु ५००/- |

१. **आवश्यक न्यूनतम योग्यता:**
मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तिमा दस जोड दुई उत्तिर्ण भई अध्यापन अनुमति पत्र प्राप्त गरेको ।

२. **उमेर:** दरखास्त दिने अन्तिम मितिसम्म १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको ।

३. **दरखास्त दिने स्थान:** माछापुच्छ्रे गाउँपालिका, शिक्षा, युवा तथा खेलकुद शाखा, लाहाचोक, कास्की ।

४. **दरखास्तको ढाँचा र शुल्क:** गाउँपालिकाको वेवसाइट https://machhapuchhremun.gov.np बाट प्राप्त गर्न सकिने छ र तोकिएको दरखास्त दस्तुर प्रभू बैंक लिमिटेड, माछापुच्छ्रे शाखामा रहेको यस गाउँपालिकाको आन्तरिक राजश्व खाता (**GA-1.1 ANTARIK RAJASHWO KHATA, 1400109223400069**) मा रकम जम्मा गरेको भौचर पेश गर्नुपर्नेछ ।

५. **तलब:** नेपाल सरकारको नियम अनुसार ।

६. लिखित तथा अन्तरवार्ताको समय पछि प्रकाशन गरिनेछ ।

७. **छनौट प्रक्रिया र विधि:** शिक्षक सेवा आयोग नियमावली २०५९ तथा माछापुच्छ्रे गाउँपालिकाको शिक्षा नियमावलि २०७५(दोस्रो संशोधन) बमोजिम हुनेछ ।यस विज्ञापन प्रकाशन भएको मिति देखि ७(सात) दिन सम्म शिक्षक सेवा आयोगको करार सूचीका योग्यताक्रम अनुसारका उम्मेद्वारलाई समय दिईनेछ । उक्त समयमा करार सूचीका उम्मेद्वार नपरेमा खुल्लाबाट पदपूर्ति गरिनेछ।

८. **पाठ्यक्रम:** सम्बन्धीत पदको लागि शिक्षक सेवा आयोगको हालको स्वीकृत पाठ्यक्रम बमोजिम हुनेछ ।

९. **संलग्न गर्नुपर्ने कागजातहरू:**

क) निवेदन

ख) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी

ग) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी

घ) अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपी

ङ) कामको अनुभव खुलेका कागजातहरू

१०. सूचनामा उल्लेख भएका विषय बाहेक अन्य विषयहरूको हकमा पदपूर्ति/छनौट तथा सिफारिस समितिमा सम्पूर्ण अधिकार निहित रहने छ ।

सम्पर्क: ९८५६०१७३१०, ९८४६२१८५९१

२०८०/०४/०८
बेदहरि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत